नेपाल सरकार
शिक्षक सेवा आयोग
सानोठिमी, भक्तपुर
( .................................... शाखा)

फोन नं. ०१-६६३८१५१/०१-६६३७८७३
फ्याक्स ०१-६६३७८७२

प.सं. ०७९।०८०
च.नं. ४३४

मितिः ..................
२०७९।१२।३०

विषयः शैक्षिक सत्र २०७९ को शिक्षकको कार्य सम्पादन मूल्याङ्कन फारममा मूल्याङ्कन फाराम भर्ने भराउने सम्वन्धमा ।

सवै शिक्षा विकास निर्देशनालयहरु,
सबै शिक्षा विकास तथा समन्वय इकाइहरु
सबै स्थानीय तहहरु ।

शिक्षक सेवा आयोग नियमावली, २०५७ (संशोधनसहित) को नियम ३२घ को उपनियम (७) मा सामुदायिक विद्यालयमा कार्यरत स्थायी शिक्षकले नयाँ शैक्षिक सत्र शुरु भएको ३० दिनभित्र कार्यसम्पादन मूल्याङ्कन फाराम भरी आफ्नो सम्बन्धित विद्यालयमा दर्ता गरी प्रधानाध्यापकलाई बुझाउनु पर्ने व्यवस्था रहेको छ ।यसैगरी उपनियम (८ र ९ ) मा कार्यसम्पादन मूल्याङ्कन फाराम मूल्याङ्कन गर्ने गराउने सम्वन्धमा उल्लेख भएको छ । गत बर्ष कोभिड - १९ को संक्रमणका कारण विषम परिस्थिति उत्पन्न भै शैक्षिक सत्र २०७८ को कार्यसम्पादन मूल्याङ्कन फाराम भर्ने अवधि २०७९ साल जेठ ३० गतेसम्म कायम गरिएकोमा हाल उक्त परिस्थिति नरहेकाले शैक्षिक सत्र २०७९ को कार्यसम्पादन मूल्याङ्कन फाराम अनिवार्यरुपमा २०८० वैशाख १ गते देखि ३० गते भित्र विद्यालयमा दर्ता गर्ने व्यवस्थाका लागि अनुरोध छ ।

कार्यसम्पादन मूल्याङ्कन फाराम दर्ता तथा मूल्याङकन गर्दा निम्न कुराहरुमा ध्यान पुऱ्याउनु हुन समेत सम्वन्धित सवैमा अनुरोध छ ।

१. कार्यसम्पादन मूल्याङ्कन फाराम अनिवार्यरुपमा शिक्षक सेवा आयोग (एघारौं संशोधन) नियमावली, २०७८ बमोजिमको हुनु पर्ने ।
२. कार्यसम्पादन मूल्याङ्कन फारामको दर्ता मितिमा कुनै केरमेट तथा over writing नगरी सफासंग लेख्नुहुन ।
३. आफुले अध्यापन गरेको विद्यार्थीले प्राप्त गरेको परीक्षाफल अनुसार गणना भएको छ भनी दस्तखत गर्ने सम्वन्धित शिक्षकको दस्तखत भनेको स्थानमा अनिवार्यरुपमा दस्तखत गरी मिति समेत लेख्नुहुन ।
४. कार्यसम्पादन मूल्याङ्कन फारामको खण्ड क, ख तथा ग मा रहेको शिक्षकले प्राप्त गरेको अङ्क दिने ठाँउमा मूल्याङ्कन कर्ताले कुनै केरमेट तथा over writing नगरी सफासंग अङ्क तथा अक्षर दुवैमा लेखी अङ्क प्रदान गर्नु हुन र अङ्क दिदा कोठा भित्रै पर्ने गरी दिनु हुन ।
५. सिफारिस तथा प्रमाणित गर्ने व्यक्ति अनिवार्यरुपमा अलग अलग व्यक्ति हुनु पर्ने । कुनै पालिका वा इकाइमा कुनै अधिकृत नभएको वा एकजना मात्र अधिकृत भएमा उक्त कासमुमा सोही व्यहोरा उल्लेख गरी सहि गरी छाप लगाएर शिक्षा विकास तथा समन्वय इकाइमा पठाउने ।

नेपाल सरकार

# शिक्षक सेवा आयोग

सानोठिमी, भक्तपुर

( ............................................. शाखा)

फोन नं. ०१-६६३८१५१/०१-६६३७८७३

फ्याक्स ०१-६६३७८७२


प.सं. ०६९।०८०

च.नं. ४५४

मितिः ..........................

६. सिफारिस तथा प्रमाणित गर्ने व्यक्तिको रुपमा हस्ताक्षर गर्दा स्वयं शिक्षक उम्मेदवार भएमा त्यस्ता व्यक्तिले हस्ताक्षर नगर्ने ।

७. खण्ड घ मा कार्यसम्पादनका आधारमा सुपरिवेक्षक र पुनरावलोकन समितिको मूल्याङ्कनमा सुपरिवेक्षक र पुनरावलोकन समितिमा रहने व्यक्तिहरुका सम्वन्धमा शिक्षक सेवा आयोग नियमावली, २०५७ अनुसारनै हुने छ र पुनरावलोकन समितिमा कम्तीमा २ जनाको हस्ताक्षर अनिवार्य हुनु पर्ने छ

८. कार्यसम्पादन मूल्याङ्कन फारामको खण्ड क, ख, ग तथा घ मा मूल्याङ्कन गरी अङ्क प्रदान नगर्ने तर हस्ताक्षर भने गर्ने गरेको पाइएकाले सबै पक्ष जिम्मेवार रुपमा प्रस्तुत हुनु पर्ने ।

कृष्ण प्रसाद ढुंगाना

उपसचिव

उप-सचिव